नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

# २०८२ असार २ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | पुल सुधार तथा मर्मत कार्यक्रम तेस्रो चरणको लागि विश्व बैंकबाट प्राप्त हुने करिब २० अर्ब ७९ करोड नेपाली रुपियाँ बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | दक्षिण कोरिया सरकारबाट बर्दिया जिल्लामा सञ्चालन हुने समावेशी ग्रामीण विकास परियोजनाका लागि प्राप्त हुने करिब १ अर्ब ८ करोड ८० लाख नेपाली रूपियाँ अनुदान सहायता स्वीकार गर्ने। |
| ३ | अर्थ मन्त्रालय | विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट रणनीतिक सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजनाका लागि उपलब्ध हुने करिब २९ अर्ब ७२ करोड नेपाली रुपियाँ बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | WTO Agreement on Fisheries Subsidies अनुमोदनको लागि संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्ष पदमा उच्च अदालत पाटन, हेटौंडा इजलासका माननीय न्यायाधीश डा. श्री शान्ता सेढाई सापकोटालाई तोक्ने। |
| ६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव श्री पाराश्वर ढुङ्गानालाई कानून,न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव पदमा सरुवा गर्ने। |
| ७ | गृह मन्त्रालय | सशस्त्र प्रहरी नायव महानिरीक्षक श्री गणेशबहादुर ठाडा मगरलाई सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्त गरी पदस्थापन गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | २०८२ असार १६ गतेदेखि २१ गतेसम्म सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको नेतृत्वमा स्पेनको औपचारिक भ्रमणमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने। |
| ९ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको १० रोपनी जग्गा १५ शय्याको अस्पताल निर्माण गर्न आँबुखैरेनी गाउँपालिका, तनहुँलाई प्रयोग गर्न दिन स्वीकृति दिने। |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, चितवनलाई २ विघा, १३ कट्ठा १५ धुर सार्वजनिक प्रकृतिको जग्गा १०० शय्याको आयुर्वेद अस्पताल निर्माणका लागि प्रयोग गर्न स्वीकृति दिने। |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०८२ असार १३ गतेदेखि १५ गतेसम्म टर्कीमा आयोजना हुने Global Transport Connectivity Forum 2025 कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय देवेन्द्र दाहाललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १२ | युवा तथा खेलकुद मन्त्रालय | २०८२ असार ३ गतेदेखि ४ गतेसम्म दुबईमा आयोजना हुने 20th Asia/Oceania Region Inter-governmental Ministerial Meeting on Anti-Doping in Sport (AORIM) विषयक कार्यक्रममा सहभागी हुन युवा तथा खेलकुद मन्त्री माननीय तेजुलाल चौधरीलाई स्वीकृति प्रदान गर्ने। |
| १३ | रक्षा मन्त्रालय | २०८२ असार ९ र १० गते भारतको पुणेमा आयोजना हुने नेपाल-भारत द्विपक्षीय परामर्श समूहको सोह्रौं बैठकमा नेपालका तर्फबाट सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने। |
| १४ | वन तथा वातावरण मन्त्रालय | मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए) लाई ४०० के. भी. डवलसर्किट विद्युत प्रसारणलाईन आयोजना निर्माणको लागि नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिका, रामग्राम नगरपालिका र बर्दघाट नगरपालिकामा रहेको राष्ट्रिय वनको ४३.६६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०८२ असार २३ गतेदेखि २७ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा सञ्चालन हुने World Summit on the Information Society (WSIS)+20 Forum High Level Event तथा AI for Good Global Summit 2025 कार्यक्रममा सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङलाई स्वीकृति प्रदान गर्ने। |
| १६ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०८२ असार ९ गतेदेखि १३ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने Third Ministerial Conference on Civil Registration and Vital Statistics (३MCCRVS) in Asia and the Pacific कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री माननीय प्रदीप पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १७ | International Big Cat Alliance (IBCA) को सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। | |
| १८ | नेपाल प्रशासन सेवा समुहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव डा. खगेन्द्र प्रसाद सुवेदीलाई बढुवा गर्ने। | |
| १९ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव श्री निर्मला अधिकारी भट्टराईलाई सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिव पदमा कायममुकायम मुकरर गर्ने। | |